# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०।१०।२२

## भाग-२

## अपाङ्गता संरक्षण कोष परिचालन कार्यविधि,२०८०

प्रस्तावनाः

जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्योपचार तथा पुनर्स्थापना गर्न, व्यवसायमा आवद्ध गरी अन्य व्यक्तिसँगको परनिर्भरता न्यूनीकरण गर्न, सीपमूलक तालिमको माध्यमबाट रोजगारीमा पहुँच स्थापित गर्न, सहायक सामग्रीको अभावमा गुम्सिएर बस्नुपर्ने बाध्यताको अन्त्य गरी समाजमा अन्तरघुलन हुने वातावरण बनाई सम्मानपूर्वक जीवनयापन गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि कोष स्थापना तथा परिचालन गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सुनिलस्मृति गाउँपालिकाद्वारा अपाङ्गता संरक्षण कोष परिचालन कार्यविधि,२०८० तयार गरी लागु गरिएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

(१) संक्षिप्त नाम र प्रारम्भः

क. यो कार्यविधिको नाम "अपाङ्गता संरक्षण कोष परिचालन कार्यविधि,२०८०" रहेको छ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

(२) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले सुनिलस्मृति गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

ख. "वडा कार्यालय" भन्नाले सुनिलस्मृति गाउँपालिकाका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ।

ग. "अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्वन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ।

घ. "कोष" भन्नाले यस कार्यविधिको दफा (४) मा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँपालिका स्तरीय अपाङ्गता संरक्षण कोष सम्झनुपर्छ।

ङ. "स्थानीय समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम सुनिलस्मृति गाउँपालिका भित्र अपाङ्गता भएका व्यक्तिहरूको हक हितको लागि गठित स्थानीय समन्वय समितिलाई सम्झनुपर्छ।

(३) कोषको उद्देश्यः

क. जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोग गरी पुनर्स्थापना गराउने,

ख. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सामाजिक रुपान्तरण गर्ने,

ग. विभिन्न कारणले शिक्षाबाट बञ्चित अपाङ्गता भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलव्ध गराउने,

घ. अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचारमा सहयोग गर्ने,

(४) संरक्षण कोषको स्थापना :

क. सुनिलस्मृति गाउँपालिकामा जोखिम अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिको शिक्षा, स्वास्थ्योपचार तथा पुनर्स्थापना कार्यको लागि संरक्षण कोषको स्थापना गरिनेछ ।

ख. अपाङ्गता संरक्षण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

1. सुनिलस्मृति गाउँपालिकाबाट यस कोषका लागि विनियोजन हुने रकम,
2. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,
3. विभिन्न संघ संस्था, व्यक्ति वा अन्य स्रोतबाट प्राप्त हुने रकम आदि ।

(५) कोषको उपयोग

कोषको रकम देहायको कार्यका लागि उपयोग गरिनेछः

क. अनाथ तथा विपन्न अवस्थामा रहेको अपाङ्गता भएको व्यक्ति परिचय पत्र प्राप्त गर्नको लागि विशेषज्ञ चिकित्सकको सिफारिस ल्याउन सहयोग आवश्यक पर्ने देखिएमा,

ख. अपाङ्गता भई जोखिम तथा विपन्न अवस्थामा रहेका, शिक्षा, औषधी उपचार तथा आर्थिक सहयोग गरी पुनर्स्थापना गर्नुपर्ने देखिएमा,

ग. आत्मनिर्भर बन्न इच्छुक विपन्न अवस्थामा रहेको अपाङ्गता भएको व्यक्तिलाई व्यवसाय सञ्चालनको लागि अनुदान उपलव्ध गराउनुपर्ने देखिएमा ।

घ. कोषको रकम तालिम, गोष्ठी, प्रशासनिक खर्च, भ्रमण आदिमा खर्च गर्न पाईनेछैन ।

ङ. कोषको रकम गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरी छुट्टै श्रेष्ता कायम गरेर सञ्चालन गरिनेछ ।

(६) अति जोखिम अवस्थाका अपाङ्गता भएका व्यक्ति

क. परिवारको आर्थिक अवस्था कमजोर रहेको अपाङ्गता भएको व्यक्ति,

ख. अभिभावक वा संरक्षक नरहेको र अवस्था नाजुक रहेको व्यक्ति,

ग. स्थानीय समन्वय समितिले विशेष संरक्षण आवश्यकता भएका एवं जोखिम अवस्थामा रहेका भनी ठम्याएका अपाङ्गता भएका व्यक्ति ।

(७) राहत तथा आर्थिक सहयोग प्राप्त गर्ने प्रकृया

क. यस कार्यविधि बमोजिम आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस, जन्मदर्ता वा नागरिकता प्रमाणपत्र प्रतिलिपि र अपाङ्गता परिचय पत्र प्राप्त गरेको भए परिचयपत्रको प्रतिलिपि सहित कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ख. उपदफा (क) बमोजिम प्राप्त भएको निवेदन समन्वय समितिले जाँचबुझ गरी आर्थिक सहयोग गर्नुपर्ने देखिएमा न्यूनतम् पाँच हजार रुपैंया देखि अधिकतम् बीस हजार रुपैंया सम्म राहत उपलव्ध गराउन कार्यपालिकामा निर्णयको लागि सिफारिस गर्नेछ तर तत्काल राहत उपलव्ध गराउनु पर्ने देखिएमा र सो समयमा समन्वय समितिको बैठक बस्न सम्भव नदेखिएमा समन्वय समितिका संयोजकको सिफारिसमा गाउँपालिकाका अध्यक्षको आदेश बमोजिम बढीमा पाँच हजार रुपैंया सम्म सम्वन्धित व्यक्तिको बैंक खाता मार्फत राहत रकम उपलव्ध गराइनेछ ।यसरी उपलव्ध गराइएको राहत रकम समन्वय समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(८) कोषको लेखा र लेखा परीक्षण

कोषको आय व्ययको लेखा स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(९) रकम फ्रिज नहुने

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

(१०) प्रतिवेदन पेश गर्ने

क. समितिले आफूले गरेको कार्यको बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

ख. उपदफा(क)बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्नुपर्नेछ ।

(११) कोष खारेज हुन सक्ने

(१)कुनै कारणवश कोष सञ्चालन गर्न आवश्यक नभएमा कार्यपालिकाले कोष खारेज गर्न सक्नेछ ।

(२)उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम गाउँपालिकाको सञ्चित कोषमा स्वतः हस्तान्तरण हुनेछ ।

(१२) अनुगमन तथा निरीक्षण :

कोषको उपयोग भए/नभएको सम्बन्धमा समन्वय समिति आफै वा सो समितिले उपसमिति गठन गरी उपसमिति मार्फत कम्तिमा चौमासिक रुपमा वा आवश्यकता अनुसार सो भन्दा बढी पटक अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(१३) कार्यविधिको व्याख्या तथा संशोधन

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आएमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन आवश्यक भएमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

आज्ञाले
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत